**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ३४ प्रमाणीकरण मितिः २०७७/०८/०१

**भाग-२**

**बढैयाताल गाउँपालिका**

**२०७७ सालको कार्यबिधि नं. ३४**

## बढैयाताल गाउँपालिकाको शिक्षक तथा कर्मचारी छनौंट कार्यविधि, २०७५ (प्रथम संसोधन)

**प्रस्तावनाः**

यस गाउँपालिकाको अन्तरगतका बिद्यालयहरुमा रिक्त स्वीकृत दरबन्दी तथा स्थानीय तहवाट नियुक्ति गरिने सवै तहका शिक्षक तथा कर्मचारी छनौट प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, साथै व्यवस्थित तवरले सञ्चालन गर्ने उद्देश्यले बढैयाताल गाउँपालिकाको शिक्षा नियमावली , २०७४ को दफा ६८ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी बढैयाताल गाउँपालिकाको शिक्षक तथा कर्मचारी छनौट कायृविधि , २०७५ तर्जुमा गरी लागु गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम बढैयाताल गाउँपालिकाको शिक्षक तथा कर्मचारी छनौंट कार्यविधि, २०७५ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क. “गाउँपालिका” भन्नाल बढैयाताल गाउँपालिकालाई सम्झनुपर्छ ।

ख. “कार्यपालिका” भन्नाल बढैयाताल गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

ग. “शिक्षा शाखा” भन्नाले बढैयाताल गाँउपालिका अन्तरगत रहेको शिक्षा शाखा सम्झनु पर्छ ।

घ. “कार्यविधि” भन्नाले बढैयाताल गाउँपालिकाको शिक्षक तथा कर्मचारी छनौंट कार्यविधि, २०७५_सम्झनुपर्छ ।

ङ. “शिक्षानियमावली” भन्नाले बढैयाताल गाउँपालिकाको शिक्षा नियमावली , २०७४ लाई सम्झनुपर्छ ।

च. “समिति” भन्नाले शिक्षक तथा कर्मचारी छनौट समितिलाई सम्झनुपर्छ ।

छ. “शिक्षा समिति” भन्नाले बढैयाताल गाँउपालिको शिक्षा नियमावली २०७४ को दफा २१(१) बमोजिम गठित शिक्षा समितिलाई सम्झनुपर्छ ।

**३.कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजम हुनेछ :

क. यस बढैयाताल गाउँपालिका अन्तरगतका सवै विद्यालयका रिक्त तथा स्वीकृत दरबन्दीका शिक्षक तथा कर्मचारी छनौट गरि नियुक्तिका लागि प्रस्ताव गर्ने ।

ख. शिक्षक तथा कर्मचारी छनौटमा स्थानीय स्तरमा सुशासन कायम गनृ पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने,

## परिच्छेद-२

## शिक्षक तथा कर्मचारी छनौंट सम्बन्धि व्यवस्थापन

१.रिक्त दरबन्दीहरुको बिज्ञापन गर्ने कार्य शिक्षा शाखाको हुने छ ।

२.करार शिक्षक तथा कर्मचारी छनौंछ समितिले शिक्षा सेवा आयोगको मापदण्ड अनुसमर प्रश्न पत्रहरुको संगालो तयार गरि गोला प्रथाबाट प्रश्न पत्र तयार गरि परिक्षा संचालन गर्ने गराउने जिम्मेवारी हुने छ ।

३.परिक्षाको पूर्णाङ्क र उत्तिर्णाङ्क :

**अ) आधारभूत (साविक प्रा.वि र नि.मा.वि ) र माध्यामिक परिक्षा (साविक मा.वि.) :**

१) लिखित परिक्षा

क) सामान्य परीक्षा १०० अङ्क

ख) विषयगत परीक्षा १०० अङ्क

२) प्रयोगात्मक परीक्षा २५ अङ्क - आवश्यकतानुसार )

३) अर्न्तवार्ता २५ अङ्क

( अर्न्तवार्ता वापतको अङ्क दिदा ८०% भन्दा बढी र ४०% भन्दा कम दिनुपरेमा स्पष्ट कारण खुलाउनु पर्छ )

- सामान्य परीक्षाको उत्तिणाङ्क ५० अङ्क , विषयगत परीक्षाको उत्तिणाङ्क ४० अङ्क , प्रयोगात्मक परीक्षा र अर्न्तवार्ताको उत्तिणाङ्क १०।१० अङ्क रहेको छ ।
- सामान्य परीक्षामा उत्तिर्ण हुने उम्मेदवार मात्र विषयगत परीक्षामा सहभागि हुन पाउने छ ।
- लिखित परीक्षाको नतिजा , सामान्य परीक्षाको प्राप्ताङ्कको ५० %र विषयगत परीक्षाको प्राप्ताङ्क दुवैको जम्मा कुल प्राप्ताङ्कजोडी हुने कुल प्राप्ताङ्कको आधारमा गर्ने छ ।

➢ अन्तरवार्ताको लागि छुट्याईएको २५ अङ्क देहाय वमोजिम दिइएको छ।

क) अनुभव वापतः प्रत्येक वर्ष १ का दरले वढीमा ५ वर्ष

ख) शैक्षिक योग्यताः

विशिष्ट श्रेणीः भएमा ५ अङ्क

प्रथम श्रेणीः भएमा ४ अङ्क

द्वितिय श्रेणी भएमा ३ अङ्क

तृतिय श्रेणीः भएमा २ अङ्क

**आ) वालविकास र कार्यालय सहयोगीः**

१) लिखित परीक्षा : १०० अङ्क ( विषयगत )

: ४० अङ्क उत्तिर्णाङ्क

२) अर्न्तवार्ता : २५ अङ्क

( अर्न्तवार्ता वापतको अङ्क दिदा ८०% भन्दा बढी र ४०% भन्दा कम दिनुपरेमा स्पष्ट कारण खुलाउनु पर्छ ।)

अनुभव वापत : ५ अङ्क

योग्यता वापत : ५ अङ्क

विशिष्ट श्रेणीः भएमा ५ अङ्क

प्रथम श्रेणीः भएमा ४ अङ्क

द्वितिय श्रेणी भएमा ३ अङ्क

तृतिय श्रेणीः भएमा २ अङ्क

३) प्रयोगात्मक : २५ अङ्क

उत्तिर्णाङ्कः १० अङ्क

➢ सामान्य परीक्षाको उत्तिणाङ्क ५० अङ्क , विषयगत परीक्षाको उत्तिणाङ्क ४० अङ्क , प्रयोगात्मक परीक्षा र अर्न्तवार्ताको उत्तिणाङ्क १०।१० अङ्क रहेको छ ।

**इ) माध्यामिक ( साविक उ.मा.वि. )**

क) लिखित परीक्षा : १०० अङ्क

ख) अर्न्तवार्ताः २५ अङ्क

( अर्न्तवार्ता वापतको अङ्क दिदा ८०% भन्दा बढी र ४०% भन्दा कम दिनुपरेमा स्पष्ट कारण खुलाउनु पर्छ ।)

ग) प्रयोगात्मक : २५ अङ्क

घ) अनुभव वापत : ५ अङ्क( प्रत्येक वर्ष १ का दरले वढीमा ५ वर्ष)

ङ)योग्यता वापत : ५ अङ्क

विशिष्ट श्रेणीः भएमा ५ अङ्क

प्रथम श्रेणीः भएमा ४ अङ्क

द्वितिय श्रेणी भएमा ३ अङ्क

तृतिय श्रेणीः भएमा २ अङ्क

➢ सामान्य परीक्षाको उत्तिणाङ्क ५० अङ्क , विषयगत परीक्षाको उत्तिणाङ्क ४० अङ्क , प्रयोगात्मक परीक्षा र अर्न्तवार्ताको उत्तिणाङ्क १०।१० अङ्क रहेको छ ।

४.सामान्य परीक्षा र विषयगत परीक्षाका प्रश्नपत्र तयार गर्न विषय विशेज्ञहरुको तहगत र विषय अनुसार विशेषज्ञ हुन योग्य शिक्षकहरु मध्येवाट तह र विषय अनुसार कम्तिमा दुई जना देखि पाँच जना विज्ञहरु शिक्षा शाखा प्रमुखको सिफारिसमा शिक्षा समितिको अध्यक्षवाट नियुक्ति गरिनेछ। सामान्य परीक्षा विषयगत परीक्षाका विशेषज्ञहर समान वा फरक पनि रहन सक्ने छन्।

५. बिषय बिज्ञहरुले शिक्षक तथा कर्मचारी छनौंट समितिको निर्देशन बमोजिम कार्य गर्नु पर्ने छ।

६. उत्तर पुस्तिकाको कोडिङ / डिकोडिङ गर्ने जिम्मेवारी शिक्षा शाखा प्रमुखको हुने छ।

७. उत्तर पुस्तिकाको जाँच गर्न नियुक्ति भएका विशेषज्ञयहरुको कार्य विभाजन शिक्षा शाखा प्रमुखले जिम्मेवारी तोक्नेछन ।

८. तहगत, विषयगत रुपमा आवश्यकता अनुसार शिक्षक तथा कर्मचारी छनौंट समिति गठन गर्न सकिने छ।

९.शिक्षक तथा कर्मचारी छनौंट समितिको संयोजकको परिक्षालाई ब्यवस्थित गर्ने प्रमुख जिम्मेवारी हुने छ।

१०. परिक्षा संचालनको शिलशिलामा प्रश्न पत्र लगाएत परिक्षा सम्बन्धि गोप्यता भङ्ग भएमा शिक्षक तथा कर्मचारी छनौंट समितिले परिक्षा स्थगित बा परिक्षा समय तालिका परिवर्तन गर्न पर्ने भएमा शिक्षा समिति अध्यक्षवाट अनुमति लिनु पर्ने छ।

११. शिक्षक तथा कर्मचारी छनौंट समितिले परिक्षा सम्बन्धि सम्पुर्ण प्रक्रिया सम्पन्न गरि नियुक्तिको लागि शिफारिस गर्ने छ।

१२. शिक्षक तथा कर्मचारी छनौंट सम्बन्धि अन्य आवस्यक प्रक्रिया समितिले निधारण गरे अनुसार हुने छ।

१३. शक्षक तथा कर्मचारी छनौंट समितिले शिफारिस गरेको उर्त्तिण उम्मेदवारलाई नियुक्तिको लागि सात दिन भित्र नियुक्तिको लागि सिफारिस गर्ने छ।

१४. शिक्षक तथा कर्मचारी छनौट समितिवाट शिफारिस भई आएका उम्मेदवारलाई स्थानीय शिक्षा अधिकारीवाट सात दिन भित्र  नियुक्ति प्रदान गरिने छ।

१५. छनौट भएका उम्मेदवारले १५ दिन भित्र नियुक्ति बुझ्न नआएमा बैकल्पीक उम्मेदवारलाई नियुक्तिको लागि मौका दिइने छ।

१६. शिक्षक तथा कर्मचारी  छनौट प्रक्रियामा विभिन्न जिम्मेवार पक्षशरुले परीक्षाको मर्यादा विपरित कार्य गरेमा कार्य गर्ने व्यक्ति वा समितिलाई गाउँकायृपालिकाले आवश्यक कारवाही गनृ सक्ने छ।

१७.यस शिक्षक तथा कर्मचारी छनौंट सम्बन्धी कुनै समस्या उत्पन्न भएमा कार्यपालिकाको **निर्णय अनुसार हुने छ।**

(प्रमाणिकरण गर्ने )

नामः- लाल बहादुर श्रेष्ठ

पद :- अध्क्षय

बढैयाताल गाउँपालिका कार्यालय,

मैनापोखर ( बर्दिया )

लुम्बिनी प्रदेश नेपाल